# बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको
# सातौं वार्षिक साधारण सभा
## काम कारवाहीको विवरण (माइन्यूट)

(१) **बैधानिक सभा**

कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम बाराही हाईड्रोपावर पब्लीक लि.को सातौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मी नारायण पराजुली ज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु गरियो ।

(२) **सभाको मिति, स्थान र समय :**

मिति : २०७९ साल चैत्र २७ गते, सोमवार (तदनुसार अप्रिल १०, २०२३) ।
समय : बिहान ११:०० बजे ।
स्थान : अनुपम फुडल्याण्ड एण्ड व्याङ्क्वेट प्रा.लि., बत्तिसपुतली, काठमाण्डौ ।

(३) **सभाको सूचना जारी**

(क) यस कम्पनीको सञ्चालक समितिको मिति २०७९ चैत्र ०२ गते बसेको संचालक समितिको बैठकले निर्णय गरे बमोजिम कम्पनीको सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम १८ को उप-नियम (३) अनुसार कारोवार राष्ट्रिय दैनिक पत्रिकामा मिति २०७९ चैत्र ०५ र ०६ गते गरी २ (दुई) पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम सातौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना, वार्षिक प्रतिवेदन, कम्पनीको वित्तीय विवरणहरु कम्पनीको वेवसाइट www.barahihydropower.com.np मा राखिएको थियो । साथै मिति २०७९/१२/०७ मा संचालक समितिका सदस्यहरुलाई Email मार्फत जानकारी गराइएको थियो ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ बमोजिम तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा २१ (एक्काईस) दिन अगावै तयार गरी कम्पनीको केन्द्रीय कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको थियो ।

(४) **सभामा प्रस्तुत छलफलका विषयहरु :**

(क) सामान्य प्रस्ताव :

१. सातौं वार्षिक साधारण सभाका लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत् आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षकको प्रतिवेदन सहितको २०७९ अषाढ मसान्त सम्मको वासलात र सोहि मितिमा समाप्त आ.व. २०७८/०७९ को नाफा - नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सम्वन्धित अनुसूचीहरु छलफल गरि स्वीकृत गर्ने ।

३. आ.व. २०७९/०८० को लेखापरीक्षकको नियूक्ति गर्ने र निजको पारिश्रमिक तय गर्ने ।

४. कम्पनीको नियमावली अनुसार संस्थापक शेयरधनीहरु मध्येबाट ४ जना, सर्वसाधारण शेयरधनीहरु मध्येबाट १ जना र स्वतन्त्र संचालक १ जना रहने गरि संचालक समितिको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव :

१. नियमावलीको नियम २७ (२), २८ र ३१ (क) संशोधन गर्ने ।

(ग) विविध :

(५) सभामा उपस्थिति

संचालक उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री लक्ष्मी नारायण पराजुली | अध्यक्ष |
| २. | श्री सूर्यप्रसाद अधिकारी | संचालक |
| ३. | श्री अनमोल प्रकाश सिंह | संचालक |
| ४. | श्री राजेश कुमार रौनियार | संचालक |
| ५. | श्री सुनिता जि.सी. | संचालक स्वतन्त्र |

पूर्व संचालक समितिका सदस्यहरुको उपस्थिति

१. श्री डिल्लीराम पंगेनी

२. श्री रामचन्द्र अधिकारी

पदाधिकारी उपस्थिति :

| | | |
|---|---|---|
| १. | श्री सन्दिप कुमार शर्मा पौडेल | संचालन तथा अनुपालन अधिकृत |
| २. | श्री सन्तराम फुयाल | पूर्व कम्पनी सचिव |

शेयरधनीहरुको उपस्थिती:

| | | | |
|---|---|---|---|
| १. स्वयम् उपस्थित | : | १०,८७,४४७ | कित्ता शेयरमा ४४ जना उपस्थित |
| २. प्रतिनिधीप्रोक्सी मार्फत उपस्थित : | : | ४४७,८४० | कित्ता शेयरमा ९१ जना उपस्थित |
| जम्मा उपस्थित | : | १५,३५,२८७ | कित्ता शेयरमा १३५ जना उपस्थित |

६. गणपुरक संख्या:

| विवरण | कुल संख्या | स्वयम् उपस्थित | प्रतिनिधी मार्फत | जम्मा | जम्मा भएको शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| संस्थापक शेयर संख्या | १,८००,००० | १,०८२,६०० | ४१२,८४० | १,४९५,४४० | ५९.८२ प्रतिशत |
| सर्वसाधारण शेयर संख्या | ७००,००० | ४,८४७ | ३५,००० | ३९,८४७ | १.५९ प्रतिशत |
| जम्मा | २,५००,००० | १,०८७,४४७ | ४४७,८४० | १,५३५,२८७ | ६१.४१ प्रतिशत |

कम्पनीको कुल शेयर २५,००,००० कित्ता मध्ये १,०८७,४४७ शेयर कित्ताका ४४ जना शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र ४४७,८४० शेयर कित्ताका ९१ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित हुनु भई कुल शेयर संख्याको ६१.४१ प्रतिशतको प्रतिनिधित्व रहेको कम्पनी सचिवले सभा समक्ष जानकारी गराउनु भयो ।

(७) सभाको वैधानिकता :

सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनी मध्ये कम्तीमा तीनजना शेयरधनीहरु स्वयं उपस्थिति हुनुपर्ने प्रावधान अनुसार बिहान ११:३० बजेसम्म कूल शेयर संख्या २५,००,००० कित्ताको १,५३५,२८७ शेयर अर्थात ६१.४१ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढि अर्थात ४४ जना शेयरधनीहरुको स्वयं उपस्थिति भई तथा ९१ जना

शेयरधनीहरुको प्रतिनिधि उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा सञ्चालन गर्न प्रचलित ऐन, कानून बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार माथिको तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

(८) सभाको अध्यक्षता :

कम्पनी ऐन, २०६३ को दफा ७४, उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री लक्ष्मी नारायण पराजुलीज्यूलाई सभाको अध्यक्षता गरी दिनुहुन आग्रह भए बमोजिम वहाँले अध्यक्षताको आसन ग्रहण गर्नुभयो ।

साथै, सञ्चालक समितिका सदस्यज्यूहरु, संस्थापक शेयरधनी महानुभावहरु, कम्पनीका पदाधिकारीहरु सबैलाई आसन ग्रहण गरिदिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहाँहरुले समेत आसन ग्रहण गर्नुभयो ।

(९) सातौं वार्षिक साधारण सभामा सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावहरुको प्रस्तुती :

९.१ सातौं वार्षिक प्रतिवेदन प्रस्तुती

सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिबादन गर्दै पूर्व निर्धारित छलफलको विषय-सूची अनुसार आर्थिक बर्ष २०७८/०७९ को सञ्चालक समितिको प्रतिबेदन छलफल गरी निर्णयार्थका लागि सभा समक्ष पेश गर्नुभयो ।

९.२ लेखापरीक्षण प्रतिवेदनको प्रस्तुती

अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिबेदन सहित आ.व. २०७८/०७९ लेखापरीक्षण प्रतिवेदन सहितका विवरण तथा अनुसूचीहरु छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.३ आ.व. २०७९/८० का लागि लेखापरीक्षकको नियुक्तिको प्रस्तुती

अध्यक्षज्यूले आ.व. २०७९/८० का लागि लेखापरीक्षकको नियूक्ति तथा निजको पारिश्रमिक तय गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.४ नियमावलीको नियम २७ (२), नियम २८ र नियम ३१ (क) संशोधन प्रस्तावको प्रस्तुती

अध्यक्षज्यूले कम्पनीको नियमावलीको नियम २७ (२), नियम २८ र नियम ३१ (क) संशोधन गरि पारित गर्नका लागि लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.५ कम्पनीको व्यवसायिक योजनाहरु प्रस्तावको प्रस्तुती

अध्यक्षज्यूले कम्पनीको व्यवसायिक योजनाहरु सम्बन्धमा छलफल गरी पारित गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९.६ कम्पनीको नियमावली अनुसार संचालक समितिको निर्वाचन प्रस्तावको प्रस्तुती

संचालक तथा प्रवन्ध निर्देशकज्यूले कम्पनीको नियमावली अनुसार मिति २०७५/१२/३० मा सम्पन्न विशेष वार्षिक साधारण सभाबाट निर्वाचित संचालक समितिको कार्यकाल पुरा भएको र सातौं बार्षिक साधारण सभामा प्रस्तुत विशेष प्रस्तावमा उल्लेख भए बमोजिम नियमावलीको नियम २७ (२), २८ र ३१ (क) संशोधन गरी नयाँ संचालक समितिको निर्वाचन गर्नका लागि सभालाई अनुरोध गर्नुभयो ।

(१०) छलफलको लागि आव्हान :

साधारण सभामा शेयरधनीहरुले निर्धारित विषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भएअनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको सातौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, आ.व. २०७८/०७९ को नाफा वा नोक्सान विवरण, विस्तृत आय-व्ययको विवरण, नगदप्रवाह विवरण, स्वपूँजीमा भएको परिवर्तनको विवरण र सोसंग सम्बन्धित अनुसूचीहरु सहित सभामा प्रस्तुत

विषयहरुमा छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

(११) छलफलमा सहभागी शेयरधनी महानुभावहरुको जिज्ञासा :

साधारण सभामा शेयरधनीहरुले कम्पनीको व्यवसायिक योजना र अहिले हुँदै गरेका गतिविधिहरुका बारेमा राखेका जिज्ञासाहरुउपर कम्पनीका संचालक तथा प्रबन्ध निर्देशक श्री सूर्यप्रसाद अधिकारीले सभासमक्ष सम्पूर्ण जानकारी गराउनुभयो । कम्पनीको व्यवसायिक योजना अर्न्तगत प्रस्तावित तल्लो ठेउले खोला जलविद्युत आयोजना ०.७५ मे.वा. को बारेमा र यस कम्पनीको ५१% लगानी रहने गरि सिंकोस हाइड्रोपावर प्रा.लि.ले निर्माण गर्न प्रस्ताव गरेको ३.४५ मे.वा. को सिंकोस खोला जलविद्युत आयोजनाबारे सभासमक्ष प्रष्ट पार्नुभयो र भविष्यमा अन्य कम्पनीहरुसंग मर्ज/प्राप्तिका बिषयमा अध्ययन गरि प्रतिवेदन तयार गर्न संचालक समितिलाई काम गर्न आग्रह गर्नुभयो । प्रस्तावित आयोजनाहरुको निर्माणका लागि हकप्रद (Right Call) मार्फत स्वपूँजीको जोहो गर्ने व्यवस्था गरेको र सोका लागि लगानीकर्ताहरुलाई तयार रहन आग्रह गर्नुभयो ।

कम्पनीको आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन उपर शेयरधनीहरुले राखेका जिज्ञासामा कम्पनीको तर्फबाट संचालन अधिकृत श्री सन्दिप कुमार शर्मा पौडेल र लेखापरीक्षकको तर्फबाट श्री अभिन प्रसाद राजभण्डारीले प्रष्ट पार्नुभयो ।

(१२) सभाको निर्णय

(क) सामान्य प्रस्ताव अन्तर्गत भएका निर्णयहरु :

४.क.१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व. २०७८/०७९ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

४.क.२. आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सम्बन्धमा सभामा छलफल भई उक्त आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन सहितका सम्पूर्ण अनुसुचिहरुलाई सर्वसम्मतीले पारित गरियो ।

४.क.३. आगामी आ.व. २०७९/०८० को लागि लेखा परिक्षण कार्य गर्न तथा सोहि बर्षको त्रैमासिक रुपमा आन्तरीक लेखापरीक्षण प्रतिवेदन तयार गर्नका लागी श्रेष्ठ एस. एण्ड एशोसिएट्स चार्टड एकाउन्टेन्ट्स लाई नियुक्त गर्ने र पारीश्रमिक वापत नेपाल सरकारलाई बुझाउनुपर्ने कर सहित रु. १००,००० (अक्षेरुपी एक लाख मात्र) भ्याट सहितको रकम प्रदान गर्ने निर्णय गरी सर्वसम्मतीले पारित गरियो ।

(ख) विशेष प्रस्ताव अन्तर्गत भएका निर्णयहरु :

४.ख.१. कम्पनीको नियमावलीको नियम २७ (२), नियम २८ र नियम ३१ (क) मा देहाय बमोजिमको संशोधन गर्ने प्रस्ताव पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

नियमावली तर्फ :

नियम २७ : संचालक समितिको गठन, संख्या र कार्यकाल

(२) यस कम्पनीमा ५ जनाको संचालक समिति हुनेछ जसमा संस्थापक समूहबाट निर्वाचित ३ जना १ जना सर्वसाधारणबाट र १ जना स्वतन्त्र संचालक हुनेछन् । यस व्यवस्था अनुसार संचालक समितिको निर्वाचन गर्न व्यवस्थापनलाई तत्काल स्वीकृती दिने सर्वसम्मत निर्णय गरियो ।

नियम २८ : संचालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्या

यस कम्पनीको संचालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

नियम ३१ : संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने

(क) संस्थापक समूह “क” का शेयरधनीबाट निर्वाचित ३ जना हुनेछन् ।

(ग) विविध :

(क) सामान्य प्रस्ताव अर्न्तगत बुँदा नम्वर ४ अर्न्तगत भएका निर्णयहरु :

४.क.४. कम्पनीको सातौं बार्षिक साधारण सभामा प्रस्तुत विशेष प्रस्तावबाट कम्पनीको नियमावलीको नियम २७ (२), नियम २८ र नियम ३१ (क) लाई संशोधन गर्ने निर्णय पारित गरी सोहि अनुसार संस्थापक शेयरधनीहरु मध्येबाट ३ जना सर्वसाधारण शेयरधनीहरु मध्येबाट १ जना र स्वतन्त्र मध्येबाट १ जना गरि जम्मा ५ जना तपशिल बमोजिमका संचालक सदस्यहरु निर्वाचित हुनुभयो ।

तपशिल,

| सि.नं. | संचालक सदस्यहरुको नाम | कैफियत |
|---|---|---|
| १. | श्री विदुर अधिकारी | संस्थापक शेयरधनी तर्फबाट |
| २. | श्री रामेश्वर पराजुली | संस्थापक शेयरधनी तर्फबाट |
| ३. | श्री यशोदा कुमारी भट्ट (जोशी) | संस्थापक शेयरधनी तर्फबाट |
| ४. | श्री शिव सागर शर्मा | सर्वसाधारण शेयरधनी तर्फबाट |
| ५. | श्री ज्योती दाहाल | स्वतन्त्र |

(१३) धन्यबाद ज्ञापन तथा सभा बिसर्जन :

कम्पनीको सातौं बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरुलाई सर्वसम्मतीले पारित गरिदिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभाव ज्यूहरुलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पु-याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, शेयर रजिष्ट्रार, नियमनकारी निकाय, सञ्चालक साथीहरु, कम्पनीकामा कार्यरत कर्मचारी लगायत सबैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले बेलुका ७ : ०० बजे सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

लक्ष्मी नारायण पराजुली
अध्यक्ष

सूर्यप्रसाद अधिकारी
संचालक तथा प्रवन्ध निर्देशक

शिव सागर शर्मा
शेयरधनी

सन्दिप कुमार शर्मा पौडेल
कम्पनी सचिव
(संचालन तथा अनुपालक अधिकृत)

बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको
सातौं वार्षिक साधारण सभाबाट
नियमावलीमा भएको संशोधन

## तिनमहले

| साविकको व्यवस्था | हालको व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| नियम २७ (२)<br>यस कम्पनीमा ६ जनाको संचालक समिति हुनेछ जसमा संस्थापक समूहबाट निर्वाचित ४ जना १ जना सर्वसाधारणबाट र १ जना स्वतन्त्र संचालक हुनेछन् । | नियम २७ (२)<br>यस कम्पनीमा ५ जनाको संचालक समिति हुनेछ जसमा संस्थापक समूहबाट निर्वाचित ३ जना १ जना सर्वसाधारणबाट र १ जना स्वतन्त्र संचालक हुनेछन् । | संस्थापक तथा सर्वसाधारणबाट निर्वाचित सदस्यको अनुपात मिलान गर्न तथा संचालक समितिमा संचालक सदस्यको गणना बिजोरमा राख्न । |
| नियम २८<br>यस कम्पनीको संचालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १००० कित्ता शेयर लिएको हुनुपर्नेछ ।<br>तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन । | नियम २८<br>यस कम्पनीको संचालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ ।<br>तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन । | अन्य पब्लिक कम्पनीको व्यवस्थाअनुसार । |
| नियम ३१ (क)<br>संस्थापक समूह "क" का शेयरधनीबाट निर्वाचित ४ जना हुनेछ । | नियम ३१ (क)<br>संस्थापक समूह "क" का शेयरधनीबाट निर्वाचित ३ जना हुनेछ । | नियमावलीको २७ (२) बमोजिम । |

### बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको
### सातौं वार्षिक साधारण सभाबाट
### नियमावलीमा भएको संशोधन

नियम २७

(२) यस कम्पनीमा ५ जनाको संचालक समिति हुनेछ जसमा संस्थापक समूहबाट निर्वाचित ३ जना १ जना सर्वसाधारणबाट र १ जना स्वतन्त्र संचालक हुनेछन् ।

बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको
सातौं वार्षिक साधारण सभाबाट
नियमावलीमा भएको संशोधन

नियम २८

यस कम्पनीको संचालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको
सातौं वार्षिक साधारण सभाबाट
नियमावलीमा भएको संशोधन

नियम ३१

(क) संस्थापक समूह "क" का शेयरधनीबाट निर्वाचित ३ जना हुनेछ ।